# नेपाल राजपत्र

## भाग २

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २५] काठमाडौं, माघ २८ गते २०३२ साल [अतिरिक्ताङ्क ५१

श्री ५ को सरकार

### कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाह देवबाट जारी गरिबक्सेको तल लेखिए बमोजिमको अध्यादेश सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ।

२०३२ सालको अध्यादेश नं. १८

**स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रवल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाह देव देवानाम् सदा समरविजयिनाम्।**

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

२४५

## स्थानीय पञ्चायतका सदस्यहरूको पदावधि कायम राख्ने व्यवस्था गर्न बनेको

## अध्यादेश

प्रस्तावना : नेपालको संविधान बमोजिम निर्वाचनको पहिलो समूहमा नपरेका अञ्चलहरूका गाउँ पञ्चायत र नगर पञ्चायतका प्रधानपञ्च, उप-प्रधानपञ्च र सदस्यहरू तथा जिल्ला पञ्चायतका सभापति, उप-सभापति र सदस्यहरूको पदावधि सो पद पूर्तिका लागि हुने निर्वाचन नभएसम्म कायमै राख्न तत्काल कानूनी व्यवस्था गर्न आवश्यक भएको र हाल राष्ट्रिय पञ्चायतको अधिवेशन नभएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाह देवबाट नेपालको संविधानको धारा ५७ बमोजिम यो अध्यादेश जारी गरिबक्सेको छ।

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भ : (१) यस अध्यादेशको नाम "स्थानीय पञ्चायतका सदस्यहरूको पदावधि कायम राख्ने अध्यादेश, २०३२" रहेको छ।

(२) यो अध्यादेशको विस्तार नेपाल अधिराज्यभर हुनेछ।

(३) यो अध्यादेश तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस अध्यादेशमा–

(क) "स्थानीय पञ्चायतका सदस्यहरू" भन्नाले गाउँ पञ्चायत र नगर पञ्चायतका प्रधानपञ्च, उप-प्रधानपञ्च र सदस्यहरू तथा जिल्ला पञ्चायतका सभापति, उप-सभापति र सदस्यहरू सम्झनुपर्छ।

(ख) "निर्वाचनको सूचना" भन्नाले निर्वाचन आयोग वा निर्वाचन आयोगले तोकेको निर्वाचन अधिकृतले स्थानीय पञ्चायत (निर्वाचन कार्यविधि) ऐन, २०२५ को दफा ४ बमोजिम प्रकाशित गरेको निर्वाचनको सूचना सम्झनुपर्छ।

३. स्थानीय पञ्चायतका सदस्यहरूको पदावधि कायम रहने : सेती, लुम्बिनी र सगरमाथा अञ्चलहरू बाहेक अरू अञ्चलका यो अध्यादेश प्रारम्भ हुँदाका बखत कायम रहेका स्थानीय पञ्चायतका सदस्यहरूको पदावधि प्रचलित नेपाल कानून बमोजिम जुनसुकै मितिमा समाप्त हुने भइरहेको भए पनि सो पद पूर्तिको लागि हुने निर्वाचनको सूचना प्रकाशित नभएसम्म तत्काल कायम रहेका स्थानीय पञ्चायतका सदस्यहरूको पदावधि कायमै मानिनेछ।

४. बाधा अडकाउ फुकाउने अधिकार : यो अध्यादेश कार्यान्वित गर्न कुनै बाधा अडकाउ परेमा श्री ५ को सरकारले सो बाधा अडकाउ फुकाउनको लागि नेपाल राजपत्रमा सूचना प्रकाशित गरी आवश्यक आदेश जारी गर्न सक्नेछ।

५. खारेजी : गाउँ पञ्चायत तथा नगर पञ्चायतका प्रधानपञ्च, उप-प्रधानपञ्च र सदस्यहरूको पदावधि कायम राख्ने अध्यादेश, २०३२ खारेज गरिएको छ।

लालमोहर सदर मिति : २०३२।१०।२८।४

आज्ञाले–
चूडामणिराज सिंह मल्ल
श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।
श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित।

220